गाउँ सभाबाट पारित मितिः२०८०/०५/२१ गते

# कुमाख गाउँपालिका दलित सशक्तिकरण ऐन २०८०

## कुमाख गाउँपालिका

## कुमाख गाउँ कार्यपालिकाको कार्यालय

## रागेचौर, सल्यान

## कर्णाली प्रदेश नेपाल

कुमाखगाउँपालिका, सल्यान

# कुमाख **गाउँपालिका दलित सशक्तिकरण ऐन २०८०**

दलित समुदाय माथी सदियौ देखि हुदै आएका जातिय छुवाछुत, भेदभाव, हिंसा,अपमान, घृणा, बहिष्करण, शोषण तथा असमानताले दलित समुदाय राष्ट्रिय मुलप्रवाहिरण हुन नसक्दा समतामूलक र समृद्ध समाजको निर्माण हुन नसकेको यथार्थलाई स्वीकार गर्दै मौलिक हक लगायत संविधानको विभिन्न भागमा रहेका ब्यस्थालाई अक्षरस पालना **गर्दै** दलित समुदायको समयानुकुल विकास, सशक्तिकरण गर्न र छुवाछुतमुक्त **गाउँ** बनाउदै समतामुलक समाज निर्माण र **समृद्व** कुमाख निर्माण बाञ्छनिय देखिएकोले नेपालको संबिधान २०७२ को धारा २४ र ४० को कार्यान्वयनको लागि धारा २२६ मा रहेको ब्यबस्था अनुसार स्थानीय तहले कानून बनाउन सक्ने ब्यबस्था रहेको छ भने स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ मा स्थानिय कानून बनाउन सक्नेछ भने सोहि कानूनको अधिनमा रहि नियम, निर्देशिका, कार्यबिधि र मापदण्ड बनाउन सक्नेछ । साथै विधेयकलाई दफा २० अनुसार गठित समिति मार्फत नगरसभामा पेश गरी अनुमोदन गर्ने ब्यबस्था गारिएको छ । यिनै दिएको अधिकार प्रयोग गरी कुमाख गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकमा **"दलित सशक्तिकरण तथा जातिय छुवाछुतमुक्त** गाउँपालिकाका **लागि बनेको ऐन २०८०"** स्वीकृत गरी लागु गरिने छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१.संछिप्त नाम, प्रारम्भ :**

१) एस ऐनको नाम "कुमाख गाउँपालिकाको दलित सशक्तिकरण ऐन २०८०" रहने छ ।

२) यो ऐन कुमाख गाउँपालिकाको गाउँ सभावाट पारित भएपछि लागु हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :-

**क) "ऐन"** भन्नाले कुमाख गाउँपालिकाले स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार तयार गरेको दलित सशक्तिकरण तथा छुवाछुतमुक्त नगरका लागि बनेको ऐन २०८० सम्झनु पर्दछ ।

**ख) दलित:** भन्नाले राष्ट्रिय दलित आयोगले सूचिकृत गरेका जातजाती तथा सुचिमा नपरेकाको हकमा सम्बन्धित स्थानिय निकायको सिफारिसमा जिल्ला प्रशासन कार्यालयबाट दलित भनि प्रमाणित जातीलाई सम्झनु पर्दछ ।

**ग) "सांस्कृतिक पहिचान"** भन्नाले दलित समुदायको पेशा तथा सिप, कला र क्षमताको पहिचानलाई सम्झनु पर्दछ ।

**घ) "समिति"** भन्नाले दलित हक तथा अधिकार सम्बन्धि कार्यगर्न स्थानिय सरकारले निर्माण गर्ने समितिलाई सम्झनु पर्दछ ।

**ङ) "सरोकारवाला"** भन्नाले दलित हक तथा अधिकार प्रवर्द्धनमा प्रत्यक्ष भूमिका देखिने सरकारी कार्यालय, गैर सरकारी कार्यालय, दलित गैर सरकारी कार्यालय तथा नागरीक समाज सम्झनु पर्दछ ।

**च) "सहयोगी संस्था"** दलित हक तथा अधिकार सम्बन्धि कार्यबिधि अनुरुप प्रत्यक्ष वा अप्रत्यक्षरुपमा सहयोग पुऱ्याउने ब्यक्ति, संस्था वा संगठनलाई सम्झनुपर्छ ।

**छ) "सशक्तिकरण"** भन्नाले नीतिगत रुपमा समग्र दलित समुदायको राजनैतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरुको चौतर्फी बिकासका लागि चालिने कदमलाई जनाउने छ ।

**ज)** "गाउँपालिका" भन्नाले कुमाख गाउँपालिका लाई सम्झनुपर्दछ ।

**झ)"जातीय भेदभाव तथा छुवाछुत"** भन्नाले जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव (कसुर र सजाय) ऐन २०६८ को दफा ४ बमोजिमको कार्य सम्झनुपर्छ ।

**३. उद्धेश्यः**

क).दलित समुदायको पहिचान, उत्थान र अधिकारका सवालमा कुमाख गाउँपालिकाको दृष्टिकोण र योजना निर्दिष्ट गर्ने ।

ख). गाउँपालिकाको दृष्टिकोण र योजनामा सरोकारवाला निकाय तथा दलित समुदाय स्वयमको भूमिका किटान गरी अभ्यासमा ल्याउने ।

ग) दलित समुदायको उत्थान र अधिकारका लागि सम्भाबित गतिबिधि र योजना बनाई सामाजिक रुपान्तरणको अभियान संचालन गर्ने ।

## परिच्छेद २

**३. सशक्तिकरण समिति सम्वन्धी व्यवस्था**

१) दलित समुदायको सशक्तिकरणका लागी दलित अधिकारको क्षेत्रमा क्रियाशील तथा विज्ञ व्यक्तिहरु समावेश हुनेगरि दलित समुदायको समावेशीतालाई मध्यनजर गर्दै दलित सशक्तिकरण समिति गठन गरिनेछ ।

२. उपपदफा (१) वमोजिम गठन हुने सशक्तिकरण समितिमा देहाय वमोजिमका पदाधिकारी तथा सदस्यहरु रहनेछन ।

कुमाख गाउँपालिका, सल्यान

क) अध्यक्षले तोकेको ब्यक्ति अध्यक्ष

ख) दलित अधिकारको क्षेत्रमा काम गरेको ब्यक्ति कम्तिमा १ जना महिला सहित ३ जना सदस्य

ग) दलित समुदाय भित्रका अपाङगता भएका ब्यक्ति र जेष्ठ नागरीक १/१ जना सदस्य

घ) महिला बालबालीका तथा **समाज कल्याण इकाईं** प्रमुख सदस्य सचिब

३. उपदफा (१) वमोजिमको समितिको कार्य सञ्चालनका लागी **गाउँपालिकामा** एक इकाईको स्थापना गरिनेछ

**४. समितिको काम, कर्तब्य र अधिकारः** (१) समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१) दलित समुदायको शैक्षिक, सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक वा समग्र विकासका लागी कार्यक्रम,योजना र बजेट निर्माण गरी स्वीकृतीका लागि कार्यपालिकामा पेश गर्ने ।

२. दलित समुदायको हक, हित तथा वृहत्तर विकासका लागी राष्ट्रिय दलित आयोग तथा विभिन्न सरोकारवालाहरुसँग नियमित छलफत तथा अर्न्तक्रिया गर्ने ।

३. जातीय विभेद तथा छुवाछुत अन्त्यका लागी गाउँपालिकाको सम्पूर्ण वडामा वार्षिक रुपमा अभियान संचालन गर्ने।

४.दलित समुदायको हक,हित र संरक्षणका लागी गाउँपालिका स्तरमा प्रचार प्रसार र पैरवी गर्ने ।

५. दलित समुदायको अपमान हुने खालका शव्द तथा उखानलाई निस्तेज गर्न संचार माध्यममा अभियान संचालन गर्ने

६. दलित समुदायमाथि हुने जातीय विभेद तथा छुवाछुतका घटनामा संलग्नलाई कानुन अनुसार कार्वाही गराउन सहयोग गर्ने, गराउने

७. सरकारी वा गैर सरकारी क्षेत्रवाट दलित समुदायको हक संरक्षण, हित प्रवर्द्धनका लागी सञ्चालित कार्यक्रमहरुको समन्वय गर्ने ।

८. छुवाछुतवाट पीडित व्यक्ति, परिवारसँग समन्वय गरि दोषीलाई प्रहरी समक्ष मुद्दा दर्ता गर्न सहजीकरण गर्ने ।

९. जातीय विभृद तथा छुवाछुतवाट पीडित व्यक्ति वा परिवारलाई सामाजिक सुरक्षा लगायत क्षतिपूतिको व्यवस्था गर्ने, गराउने

१०. जातीय विभेद तथा छुवाछुत अन्त्यका लागी नीतिगत विषयमा स्थानीय सरकारलाई सल्लाह र सुझाव दिने

११. जातीय विभृद तथा छुवाछुतको अवस्थाको वारेमा नियमित अनुगमन गर्ने, गराउने

१२. वडा कार्यालयसँको समन्वयमा गाउँपालिकाभित्रका दलित समुदायको तथ्याङ्क संकलन तथा अद्यावधि गर्ने

कुमाखगाउँपालिका, सल्यान

१३. यस कार्यबिधि अनुसार भए गरेका कामको आबधिक प्रतिबेदन बनाई निर्देशन समितिमा पेश गर्ने ।
१४. गाउँपालिका अन्तर्गतका सरकारी निकायको योजना तथा बजेट समाबेशी समानुपातिक बनाउन सहजिकरण गर्ने ।

## परिच्छेद ३

**५. दलित सशक्तिकरणमा** कुमाख गाउँपालिकाको **भूमिकाः** (१) दलित सशक्तिकरणका लागी कुमाख गाउँपालिकाको भूमिका देहाय बमोजिम रहनेछ ।

**१) जातिय बिभेद तथा छुवाछुत विरुद्ध सचेतीकरण कार्यक्रमः**

१.१ जातीय भेदभाब तथा कसुर र सजाय ऐन २०६८ मा ब्यबस्था र साबधानीका बिषयमा संचार माध्यमबाट सुचना प्रसारण गर्ने । (रेडियो, टेलिभिजन तथा पत्रपत्रिका)

१.२. कुमाख गाउँपालिका र मातहतका कार्यालयबाट हुने कार्यक्रममा जातीय भेदभाब तथा छुवाछुत कसुर र सजाय ऐन सम्बन्धि बिषय समाबेश गराउने ।

१.३. सरकारी कार्यालय, विद्यालय, सार्बजनिक स्थान, सरकारी र नागरीक संघ संगठन, संस्था, औदोगिक कम्पनीका कार्यालयमा जातीय बिभेद तथा छुवाछुतको ब्यबहारलाई निरुत्साहित गर्ने खालका शन्देस लेखि सबैले देख्ने ठाउमा राख्ने ।

१.४. स्थानिय जनप्रतिनिधि,दलित समुदायको पक्षमा क्रियासिल सामाजिक अभियन्ताहरुले आफु सहभागि भएको सार्बजनिक कार्यक्रमहरुमा जातीय बिभेदको बिषयमा कुमाख गाउँपालिकाले लिएको धारणको विषयमा धारणाहरु राख्ने ।

१.५.जातीय विभेद तथा छुवाछुतका विरुद्धमा बिद्यालय,कलेज तथा सार्बजनिक निकायमा कार्यक्रमहरु आयोजना गर्ने।
१.६. टोल बिकास संस्था, शिक्षक, पण्डित, धर्मगुरु,सेवा प्रदायक कार्यालयका कर्मचारी, नेपाल प्रहरी सबै सरोकारहरुलाई जातीय भेदभाब तथा कानूनी सचेतना सम्बन्धि जातकारी वा अभिमुखिकरण गराउने ।
**२) सामाजिक ब्यबहार सुधार अभियानः**
**२.१.** जातीय बिभेदलाई प्रोत्साहन गर्ने खालका गतिबिधि अन्त्य, दलित समुदाय भित्रै पनि सुधारमुलक कार्य गर्ने ।
**२.२.** दलित समुदायका पेशा, सांस्कृतिक मान्यताहरु सबैका लागि स्विकार्य हुने गरी सुधार गर्ने ।
**२.३.** दलित समुदायमा स्वास्थ्य,शिक्षा तथा सरसफाई अभियान संचालन गरी बिद्यमान अबस्थामा ब्यबहारीकरुपमा सुधार ल्याउने

कुमाख गाउँपालिका, सल्यान

२.४.घरेलु हिंसा, अन्धविश्वास,कुरीती र कुसंस्कार, महिला माथि हुने हिंसा, बालश्रम, बाल हिंसामा कमी ल्याउन समुदाय स्तरका योजना निर्माण बनाई कार्यान्वयन गर्ने ।

२.५. दलित बस्ती वा समुदायहरुलाई हिंसारहित समाजमा रुपान्तरण गर्ने ।

**३) जातीय भेदभाव तथा छुवाछुत रहित स्थान घोषणाः**

**३.१.** सरकारी तथा गैर सरकारी कार्यालय,सार्बजनिक स्थान र टोल बिकास संस्थाहरुलाई छुवाछुत मुक्त स्थान घोषणा गर्ने ।

**३.२.पा**लिका भित्र सहभोज, अन्तरजातिय विबाह जस्ता कार्यलाई प्रोत्साहन तथा सम्मान गर्ने ।

**३.३.** कुमाख गाउँपालिकालाई छुवाछुत मुक्त गाउँपालिका घोषणाका लागि सुचक तयार गरी लागु गर्ने ।

३.४. कुमाख गाउँपालिकालाई छुवाछुत मुक्त गाउँपालिका घोषणाका गर्नका लागि टोल वडा हुदै अन्त्यमा पालिका घोषणा गरिने छ ।

**३.५.** यसरी घोषण भएका टोलमा स्थानिय सरकार, वडा सरकारले सकारात्मक विभेदको मर्म अनुरुप बिशेष प्राथमिकतां राखी सरकारी सेवा सुबिधाको सहुलियत दिने ।

४) **आयमूलक काम तथा जिबीकोपार्जनमा सुधारः** कुमाख गाउँपालिकाले दलित समुदायको उत्थानका र अधिकारका सवालमा सहयोगी हुने गरी आयमूलक काम तथा जिबिको सुधारका योजना बनाई कार्यान्वयन गर्ने छ । जस अन्तर्गत निम्न कार्यहरु गरिने छन् ।

४.१) **परम्परागत सीप परीक्षण योग्यता निर्धारणः** दलित समुदायका ब्यक्तिहरुमा पुर्ख्यौली रुपमै प्राबिधिक क्षमता भएको तर त्यसको परिक्षण र प्रमाण पत्र नहुदा उनिहरुको पेशा र जिबीका जोखिममा पर्ने खतरा भएकोले सिटिईभिटी वा साना तथा घरेलु उद्योग कार्यालयको सहकार्यमा दलित समुदायका परम्परागत सीप (घर बनाउने, काठको सामाग्री बनाउने, कृषि औजार बनाउने, छालाका सामाग्री बनाउने, गरगहना बनाउने, बाजा बनाउने, कपडा बनाउने सीउने लगाएत अन्य सिपका लागि) कामको परिक्षण बनाई प्रमाणपत्र उपलब्ध गराउने ।

४.२) **सिपको आधुनीकरणः** अधिकांस दलित परिवारमा परम्परागत सिप नै जिबीकोपार्जनको आधार भएको र त्यसलाई आधुनिकरुपमा विकास गरी थप उत्पादनसिल वा मुल्यबान बनाउनु आबश्यक भएकाले सम्भाबित उद्यम र रोजगारीका अबसर पहिचान गरी प्राथमिकता क्रममा सिप विकास तालिम संचालन, तर उन्नतीका लागि पुँजी र बजारीकरण सहज पहुँच बढाउन सहयोग गर्ने ।

४.३) **उर्जा र प्रबिधिमा सहयोगः** कृषि र भौतिक निर्माणसंग सम्बन्धित सिपको माग बढदो क्रममा रहेको र बिद्यमान सीप तथा सैलीबाट अबको माग पुरा गर्न, पेशा ब्यबसाय गर्न र पेशावाल ब्यक्तिको जिविको धान्न कठीन हुदै गएकाले पेशालाई आधुनिक प्रबिधि मैत्री बनाउन आधुनिक मेसिन खरिद, बिद्युत, उर्जा जडान,उद्यम स्थल निर्माण जस्ता कार्यमा सहयोग पुऱ्याउने ।

४.४) **उद्यमका लागि सहजिकरण:** दलित समुदायमा भएका सिप र कलालाई बैधानिक प्रकृया मार्फत ब्यबस्थापन गर्न उनीहरुलाई परम्परागत सीप र कलामा आधारीत उद्यम (कृषि औजार निर्माण उद्योग, सिलाई उद्योग, काष्ठ उद्योग, भबन निर्माण फर्म, सास्कृतिक समुह) दर्ता र सो ब्यबसायीकरणमा सहयोग गर्ने छ ।

४.५ माथि उल्लेखित ब्यबसायमा सहुलियतका लागि कुमाख गाउँपालिकाले सीप सिक्न, उद्यम संचालन गर्न र प्राबिधिक सहयोग उपलब्ध गराउनका लागि सुचना प्रकाशित गरी निबेदन आह्वान गर्नेछ ।

४.६ प्राप्त निबेदनको आधारमा उपयुक्त ब्यक्ति वा समुह छनौट गरी उद्यम योजनाको आधारमा सहयोगको सीमा निर्धारण गर्ने छ ।

४.७ तालिम, उर्जा, प्रबिधि सहयोग तथा उद्यम दर्ताको लागि कुमाख गाउँपालिकाले छुट्टाछुट्टै फारम उपलब्ध गराउने छ ।

४.८ निबेदन छनोटका लागि कुमाख गाउँपालिकाले सम्बन्धित विषयका अनुभबि र बिशसज्ञ ब्यत्तिहरुको सहभागितामा छनोट समिति निर्माण गर्ने छ ।

**५.समतामुलक नीति अबलम्बन:** कुमाख गाउँपालिकाले दलितहरुको सामाजिक, आर्थिक, अबस्थामा सुधार ल्याउन समतामा आधारीत योजना संचालन गर्ने छ । जसका लागि निम्न प्रकृया अबलम्बन गरीने छ ।

क) निर्णायक तहमा अर्थपुर्ण सहभागिता: कुमाख गाउँपालिकाले अन्तर्गत हुने बिकास वा सेवासंग सम्बन्धित समिति, उपसमितिहरुमा दलितको अर्थपुर्ण सहभागिता गराईने छ । दलित अधिकारका सवालमा बन्ने समिति, उपसमिति वा समुहमा दलितहरुको नेतृत्व रहने छ ।

**ख) अबसरमा प्राथमिकता:** कुमाख गाउँपालिकाले अन्तर्गत हुने आयमुलक काम, स्वरोजगारमुलक काम वा रोजगारीका अबसरमा दलित समुदायका ब्यक्तिहरुलाई प्राथमिकता दिईने छ ।

**ग) सहुलियतपुर्ण मापदण्ड निर्माण:** आयमुलक, स्वरोजगारमुलक, सिपमुलक कार्यका लागि ब्यक्ति छनोट प्रकृयामा दलित समुदायका लागि २५ प्रतिशत अनिसहभागिता गराईने छ ।

घ) कुमाख गाउँपालिकाले आन्तरीकरुपमा भर्ना गर्ने करार, ज्यालादारी सेवामा कम्तिमा २५ प्रतिशत दलित समुदायका लागि छुट्याईने छ ।

**६. आवास र उत्पादनका स्रोतमा पहुँच:** कुमाख गाउँपालिकाले सबै नागरिकहरुको सुरक्षित आवास र जिबीकोपार्जनको बिषयलाई आधारभुत अधिकारको रुपामा लिई ब्यबस्थापन गर्ने छ । दलित हरुको अबस्था झनै दयनिय भएकोले यसलाई निम्न प्रकृया अबलम्बन गरी प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।

कुमाख गाउँपालिका, सल्यान

**क) भू-परिबेश अध्ययन:** कुमाख गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेको परिबेश अध्ययन गरी आवास विहिन र जोखिमपुर्ण आवासमसा रहेका परिवारहरुलाई आवासका लागि उपयुक्त हुने जग्गा, आवास मर्मत संभार, आवास निर्माणका लागि उपयुक्त बजेट प्रदेश र संघिय सरकारसंग समन्वय गरी ब्यबस्थापन गर्ने ।

**७. शिक्षामा प्रोत्साहन:** अन्य समुदायको तुलनामा शिक्षामा कम पहुँच भएको दलित समुदायका लागि शिक्षा आर्जन प्रतिस्पर्धाका अबसर सृजना गर्ने छ । यसका लागि निम्न प्रकृया अबलम्बन गरिने छ ।

क) दलित समुदायलाई उच्च शिक्षा तह सम्म निशुल्क शिक्षा प्रदान गर्ने ।

ख) उत्कृष्ट तथा न्युन आर्थिक अबस्था भएका बिद्यार्थीहरुलाई उच्च शिक्षाका लागि पुर्ण छात्रबृती प्रदान गरिनेछ ।

ग) अति बिपन्न दलित बिद्यार्थीहरुलाई प्राबिधिक शिक्षामा पुर्ण छात्रबृति सेवा प्रदान गरिनेछ ।

घ) सामुदायीक साक्षरता अभियान संचालन गरी प्रौढहरुलाई साक्षर गराउने ।

ङ) सामुदायीक बिद्यालयमा दलित शिक्षकको ब्यबस्था गर्ने ।

च) दलित समुदायका बिद्यार्थीहरुले लोकसेवा तयारी कक्षाहरुका लागि पालिका भित्र संचालित सरकारी वा गैर सरकारी शिक्षण संस्थाहरुले लिईने शुल्कमा सहुलियत दिनु पर्नेछ ।

यस कार्यलाई ब्यबस्थित र नतिजामुलक बनाउन तथा छात्रबृतिका लागि बिद्यार्थी छनोट गर्न कुमाख गाउँपालिकाले निम्न मापदण्ड अपनाउने छ ।

क) बिद्यार्थी र अभिभाबकको अबस्था बुझ्न भर्ना अभियानमा जनप्रतिनिधिहरु परिचालन तथा अनुगमन गर्ने ।

ख) संस्थागत विद्यालयमा १५ देखि २५ प्रतिशत सम्म छात्राबृति उपलब्ध गराउने ।

ग) आबधिकरुपमा बिद्यालयबाट उत्कृष्ट बिद्यार्थीहरुको शैक्षिक प्रगती र अनुशासनको अनुगमन ।

घ) परिक्षामा विद्यार्थीले ल्याउने अंक र विद्यालयको बिद्यार्थी मुल्याङणको दस्ताबेजिकरण गर्ने ।

ङ) बिद्यालयमा हुने जातिय विभेदलाई सुन्य सहनसिलता अपनाउने ।

**८.) दलित समुदायको उत्थान तथा अधिकारका** योजना कुमाख गाउँपालिकाले दलित समुदायको उत्थान तथा अधिकारका लागि समयसापेक्ष योजना निर्माण गरी स्थानिय सरकार, सरोकारवाला र अधिकारग्राही समुदायको संलग्नतामा कार्यान्वयन गर्नेछ ।

**९. जातिय भेदभाव तथा छुवाछुतको अन्त्य:** कुमाख गाउँपालिकाले जातिय भेदभाव तथा छुवाछुत अन्त्यका लागि स्थानिय तहमा योजना बनाई कार्यान्वयनमा ल्याउने छ । यस अभियानलाई स्थानिय

कुमाख गाउँपालिका, सल्यान

सरकार, समुदाय,संघ संस्था, नागरिक समाज, सरोकारवालाहरु,अधिकारकर्मीहरुको संलग्नतामा कार्यान्वयन गरिने छ ।

**१०. बाधा अडकाउ तथा फुकाउने अधिकारः** यो ऐन कार्यान्वयनको सिलसिलामा कुनै बाधा अडकाउ परेमा त्यस्तो बाधा अडकाउ फुकाउन कार्यपालिकाले गर्न सक्नेछ ।

**११.बचाउ तथा खारेजीः**

१.यस ऐनमा लेखिएका कुरामा यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

२. यो ऐनमा प्रचलित कानूनसंग बाझिएमा, बाझिएको हदसम्म लागु हुनेछैन ।

**प्रमाणित मितिः२०८०/०५/२९ गते**

कुमाखमालिका गाउँपालिका, सल्यान